# नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२

प्रमाणीकरण मितिः

२०८२।०८।०५

संवत् २०८२ सालको अध्यादेश नं. ०२

## नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना :** नेपाल विशेष सेवा ऐन, २०४२ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस अध्यादेशको नाम "नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ मा संशोधन :** नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ को उपदफा (१) मा रहेका "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत" भन्ने शब्दहरू राखिएका छन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय